महाबु गाउँपालिका          गाउँ कार्यपालिका बैठक १-२०८३।८४          मिति २०८३।०४।२५

आज मिति २०८३ साल साउन २५ गतेका विहानको ११:०० बजेको समयमा महाबु गाँउपालिका, दैलेखका अध्यक्ष श्री जंग बहादुर शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

**तपसिल**

| क स | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | [signature] | जंग बहादुर शाही | अध्यक्ष | महाबु गाउँपालिका, दैलेख |
| २ | [signature] | मन्जुकुमारी शर्मा(पाण्डे) | उपाध्यक्ष | महाबु गाउँपालिका, दैलेख |
| ३ | [signature] | उदयराज उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | महाबु गाउँकार्यपालिका कार्या |
| ४ | [signature] | सर्वराज सार्की | वडा अध्यक्ष | १ नं वडा कार्यालय |
| ५ | [signature] | प्रकाशराज थापा | वडा अध्यक्ष | २ नं वडा कार्यालय |
| ६ | [signature] | कृष्णकुमार दाहाल | वडा अध्यक्ष | ३ नं वडा कार्यालय |
| ७ | [signature] | रामबहादुर शाही | वडा अध्यक्ष | ४ नं वडा कार्यालय |
| ८ | [signature] | दिपबहादुर शाही | वडा अध्यक्ष | ५ नं वडा कार्यालय |
| ९ | | रेशमबहादुर थापामगर | वडा अध्यक्ष | ६ नं वडा कार्यालय |
| १० | [signature] | बसन कुमारी खत्री | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| ११ | [signature] | कृष्णादेवी जैसी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १२ | [signature] | मानकला सलामी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १३ | [signature] | पवित्राकुमारी गिरी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १४ | | रामे कामी | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |
| १५ | | कुमार नेपाली | कार्यपालिका सदस्य | महाबु गाउँपालिका, दैलेख |

**आमन्त्रीत**

[signature] खगेन्द्र कुमार विसी बरिष्ठ लेखा अधिकृत महाबु गाउँपालिका दैलेख

**सहयोगी कर्मचारी** [signature]

श्री नन्दाराम बुढा कार्यालय सहयोगी महाबु गाउँपालिका दैलेख

महाबु गाउँपालिका गाउँ कार्यपालिका बैठक १-२०८३।८४ मिति २०८३।०४।२५

प्रस्तावहरु

१) बार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा ।

२) आर्थिक वर्ष २०८३।८४ को गाउँपालिका स्तरीय दररेट स्विकृत सम्बन्धमा ।

३) कार्यसम्पादन सम्झौता गर्ने सम्बन्धमा ।

४) अधिकृतस्तर सातौ तहका कर्मचारीहरुको स्तरवृद्दि सम्बन्धमा ।

५) जनै पुर्णिमा मेला व्यवस्थापन तथा सडक मर्मत सम्भार सम्बन्धमा ।

६) आर्थिक वर्ष २०८३।८४ को बार्षिक खरिद योजना स्विकृत गर्ने सम्बन्धमा ।

७) आर्थिक वर्ष २०८३।८४ का योजना तथा कार्यक्रम कार्यन्वयन सम्बन्धमा ।

८) दहत्तर बहत्तरको ठेक्का आह्वानका लागि IEE संसोधन गर्ने सम्बन्धमा ।

९) जलवायु उत्थानशील गाउँ घोषण निर्देशिका स्विकृत गर्ने सम्बन्धमा ।

१०) विविध तथा प्रासङ्गिक विषयहरु ।

**निर्णय नं १:**

प्रस्ताव नं १ माथि छलफल गर्दा महाबु गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को बार्षिक समिक्षा कार्यक्रम मिति २०८३ साउन २७ र २८ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा महाबु गाउँपालिकाको पालिका स्तरीय दररेट स्विकृत गर्ने सम्बन्धमा छलफल गर्दा पुर्वाधार विकास शाखाबाट जिल्ला दररेटलाई अध्ययन विश्लेषण गरी सो मा महाबु गाउँपालिका सम्मको ढुवानीलाई समावेश गरी तयार गरिएको गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को दररेट स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली, २०६५, निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारद्वारा समय समयमा जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधान बमोजिमको कार्य सम्पादन गर्ने गरी आ.व. २०८३/०८४ का लागि गाँउपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच कार्यसम्पादन करार सम्झौता गर्ने निर्णय गरियो ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०८१ को दफा २६ र नियमावली २०८१ नियम २९ बमोजिम तपसिल बमोजिमका कर्मचारीहरुको मिति २०८३ साउन १ गते देखि लागु हुने गरी देहायको पद र तहमा स्तरबृद्धि गर्ने निर्णय गरियो ।

तपसिल

| क्र स | कर्मचारीको नाम थर | साविकको पद र तह | स्तरबृद्धि गरिएको पद र तह |
|---|---|---|---|
| १ | श्री खगेन्द्र कुमार विसी (क.सं.नं. २३६३४५) | तहः सातौ<br>पदः बरिष्ठ लेखा अधिकृत<br>सेवाः स्थानीय प्रशासन<br>समुह/उपसमुहः लेखा | तहः आठौ<br>पदः प्रमुख लेखा अधिकृत<br>सेवाः स्थानीय प्रशासन<br>समुह/उपसमुहः लेखा |
| २ | श्री नविन थापा (क.सं.नं. २३७५७४) | तहः सातौ<br>पदः इन्जिनियर<br>सेवाः स्थानीय इन्जिनियरिङ्ग<br>समुह/उपसमुहःसिभिल/ जनरल | तहः आठौ<br>पदः बरिष्ठ इन्जिनियर<br>सेवाः स्थानीय इन्जिनियरिङ्ग<br>समुह/उपसमुहःसिभिल/ जनरल |
| ३ | श्री कृष्ण बहादुर वली (क.सं.नं. २४१९२७) | तहः सातौ<br>पदः बरिष्ठ शिक्षा अधिकृत<br>सेवाः स्थानीय शिक्षा<br>समुह/उपसमुहः शिक्षा प्रशासन/प्रशासन | तहः आठौ<br>पदः प्रमुख शिक्षा अधिकृत<br>सेवाः स्थानीय शिक्षा<br>समुह/उपसमुहः शिक्षा प्रशासन/प्रशासन |

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा जनै पूर्णिमाको अवसरमा हुने धार्मिक मेला (महाबु गाथ र महाबै गाथ काशिकाँध) मा तिर्थालुहरूको सहज तथा सुरक्षित आवतजावतका लागि सडक मर्मत तथा सुधार गर्न सडक डिभिजन कार्यालय, सुर्खेत र पूर्वाधार विकास कार्यालय, दैलेख लाई अनुरोध गर्ने, साथै नारायण नगरपालिका र नौमुले गाउँपालिका संग समन्वय गर्ने र आवश्यक सुरक्षा तथा यातायात व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालय, दैलेखलाई जानकारी गराउने, पालिकाका मेशिनरी तथा उपकरणहरू तयारी अवस्थामा राख्ने तथा स्वास्थ्य डेस्क सञ्चालनका लागि आवश्यक स्वास्थ्यकर्मी, औषधि तथा स्वास्थ्य सामग्रीसहित आवश्यक कर्मचारी खटाई अन्य आवश्यक व्यवस्थापन गर्ने निर्णय गरियो।

उदयराज उपाध्याय
प्रशासकीय अधिकृत

निर्णय नं. ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा महाबु गाउँपालिकाको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि देहायबमोजिमको संक्षिप्त खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.सं. | खरिदको क्षेत्र | खरिद प्रक्रिया गर्ने शुरु समय | भुक्तानी गर्ने समय |
|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक सामग्री | प्रथम चौमासिक | दोस्रो चौमासिक |
| २ | औषधि तथा स्वास्थ्य सामग्री खरिद | प्रथम चौमासिक | दोस्रो चौमासिक |
| ३ | परामर्श सेवा खरिद | प्रथम चौमासिक | दोस्रो चौमासिक |
| ४ | शैक्षिक तथा खेलकुद सामग्री खरिद | प्रथम चौमासिक | दोस्रो चौमासिक |
| ५ | पूर्वाधार सम्बन्धी निर्माण तथा मर्मत कार्य | प्रथम चौमासिक | तेस्रो चौमासिकको प्रथम महिना |

उपरोक्त खरिद कार्यहरू प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पूरा गरी प्रथम चौमासिकभित्र शुरु गर्ने र यसै बमोजिमको विस्तृत खरिद योजना तयार गरी स्विकृत गर्ने निर्णय गरियो।

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकामा आ.ब. २०८३।०८४ मा स्वीकृत भएका योजनाहरु उपभोक्ता समिति तत्काल गठन गरी २०८३ असोज मसान्त सम्म सम्झौता गरी काम संचालन गर्ने , तपसिल बमोजिमका बोलपत्रका माध्यमबाट खरिद प्रक्रिया तत्काल शुरु गर्न जिम्मेवार शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र. सं. | योजना तथा कार्यक्रमको नाम | बजेट स्रोत |
|---|---|---|
| १ | ३ नं वडा कार्यालय गैडाबाज जोड्ने सडक स्तरोन्नती महाबु ३ र ४ दैलेख | प्रदेश समपुरक अनुदान |
| २ | एकपाटे टाकुरी काशिकाध सडक स्तरोन्नती महाबु ६ र ५ दैलेख (चुनटाकुरा जौखोरिया खण्ड) | संघीय समपुरक अनुदान |

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ३ | फागु गडिगाउँ गोर्ती जोड्ने अन्तरपालिका सडक महाबु ५ दैलेख | प्रदेश समपुरक अनुदान |
| ४ | औषधि खरिद | संघीय शशर्त र पालिका |
| ५ | कार्यालय समाग्री खरिद | पालिका |
| ६ | शिक्षा तर्फको कक्षा कोठा व्यवस्थापनका लागि फर्निचर खरिद | संघीय विशेष अनुदान |
| ७ | शिक्षा तर्फको स्मार्टबोर्ड लगायतका मेशिनरी सामाग्री खरिद | संघीय विशेष अनुदान |
| ८ | गैडाबाज फागु काशिकाध सडक | संघीय समपुरक अनुदान -बिस्तृत प्राविधिक लागत अनुमान तयार गरी राष्ट्रिय योजना आयोगको बहुबर्षिय स्रोत सुनिश्चतता सहित बहुबर्षिय बोलपत्र आह्वान गर्ने |

साथै आर्थिक वर्ष २०८३।८४ को बजेट तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा आवश्यक कार्यविधिहरुको मस्यौदा तर्जुमा गरी २०८३ भदौ मसान्त सम्म कार्यपालिकामा पेश गर्न विषयगत शाखाहरुलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा गत आर्थिक वर्षमा भैरवी गाउँपालिकाबाट तयार गरिएको छामघाट खोलाको ढुङ्गा, गिट्टी तथा बालुवाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेखित परिमाणलाई हालको नदीजन्य पदार्थको वास्तविक अवस्थासँग अद्यावधिक गरी वास्तविक उपलब्ध परिमाण यकिन गर्न आवश्यक देखिएकाले उक्त IEE प्रतिवेदनलाई प्रचलित कानूनबमोजिम Revised गर्ने निर्णय गरियो।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

बहादुर शाही
अध्यक्ष

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा महाबु गाउँपालिकाको जलवायु उत्थानशील गाउँ घोषण निर्देशिका २०८३ स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

प्रस्ताव नं १० माथि छलफल गर्दा क्षेत्रभित्र जीर्ण तथा जोखिमयुक्त अवस्थामा रहेका विद्युत पोलहरूको आवश्यक मर्मत तथा व्यवस्थापन गरी विद्युत सेवा सुरक्षित र नियमित बनाउन सम्बन्धित विद्युत कार्यालयमा आवश्यक मर्मत तथा व्यवस्थापनका लागि पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं ११**

प्रस्ताव नं १० माथि छलफल गर्दा महाबु गाउँपालिका अन्तर्गत बर्षातको कारण आवतजावत गर्न निकै अप्ठेरो भएको भनि स्थानीय वासीहरुको निवेदन र सम्बन्धित वडा कार्यालयको सिफारिस समेतका आधारमा तपसिल बमोजिमका स्थानमा तत्काल लाप्का निर्माणको लागि वजेट व्यवस्थापन गरी अमानतबाट कार्य सम्पन्न पश्चात मर्मत सम्भार कोषबाट खर्च गर्ने निर्णय गरियो ।

| क्र स | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | गुर्जेनी खोलामा काठको लाप्को निर्माण | महाबु गापा ६ दैलेख | १५ हजार |
| २ | सम्सेली गैरा दोविल्ला खोला टाकुरी मा काठको लाप्को निर्माण | महाबु गापा ६ दैलेख | १५ हजार |

**निर्णय नं १२**

प्रस्ताव नं ११ माथि छलफल गर्दा महाबु गाउँपालिका वडा नं ४ स्थित सामुदायिक स्वास्थ्य गिताचौरमा रिक्त रहेको कार्यालयं सहयोगी पदमा लागि विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

प्रस्ताव नं ११ माथि छलफल गर्दा महाबु गाउँपालिका वडा नं ३ स्थित बासि स्वास्थ्य चौकीमा पर्खाल भत्किएर जोखिम भएको हुदाँ प्राविधिक लागत अनुमानका आधारमा मर्मत संभार कोषबाट अधिकतम रु १ लाख विनियोजन गरी मर्मत सम्भार गर्ने निर्णय गरियो ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णय नं १४**

प्रस्ताव नं ११ माथि छलफल गर्दा महाबु गाउँपालिका महाबु गाउँपालिकामा बर्षादको समय घर चुहिएर त्रिपाल माग गरेर वडा स्तरबाट निवेदनहरु पेश भएको र स्टोरमा त्रिपाल मौज्दात रहेको नदेखिकएकोले २ देखि ६ नं वडाका लागि प्रति वडा ५०/५० र पालिकाको स्टोरको लागि ५० गरी जम्मा ३०० थान त्रिपाल खरिद गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने गरियो ।

**निर्णय नं १५**

प्रस्ताव नं ११ माथि छलफल गर्दा कडाचौर युवा क्लब दैलेखको आयोजनामा दैलेख जिल्लाव्यापी स्नोकर टुर्नमिन्ट २०८३ का लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा विविध कार्यक्रम खर्च शिर्षकबाट रु २५०००।०० आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत